# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, चैत ६ गते २०५७ साल (संख्या ४८

## भाग ४

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले २०५८ साल वैशाख १ गते देखि ऐ. चैत मसान्तसम्म एक वर्षभरिमा देहायबमोजिमको सार्वजनिक एवं पर्व बिदाहरू दिने निर्णय गरेको छ :-

१. वर्षभरिका शनिबार दिनहरू:

| | | | | | |
|---|---|---|---|---|---|
| क) वैशाख | १,८,१५,२२,२९ | (५) | ख) जेठ | ६,१३,२०,२७ | (४) |
| ग) असार | २,९,१६,२३,३० | (५) | घ) साउन | ६,१३,२०,२७ | (४) |
| ङ) भदौ | २,९,१६,२३,३० | (५) | च) असोज | ६,१३,२०,२७ | (४) |
| छ) **कार्तिक** | ४,११,१८,२५ | (४) | ज) **मङ्सीर** | २,९,१६,२३,३० | (५) |
| झ) पुस | ७,१४,२१,२८ | (४) | ञ) माघ | ६,१३,२०,२७ | (४) |
| ट) फागुन | ४,११,१८,२५ | (४) | ठ) चैत | ३,१०,१७,२४,३१ | (५) |

जम्मा ५३ दिन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. पर्व बिदाहरू:

(क) नववर्ष वैशाख १ गते शनिबारका दिन, एक दिन (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

(ख) सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरूमा गौरा पर्व (गौरापूजा) भदौ १० गते आइतबारका दिन, एक दिन ।

(ग) छठ पर्व मनाउने जिल्लाहरूमा **मङ्सीर** ६ गते बुधबारका दिन, एक दिन ।

(घ) इसाई धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई क्रिसमस-डे पुस १० गते (तदनुसार २५ डिसेम्बर) मंगलबारका दिन, एक दिन ।

(ङ) ल्होसार पर्व मान्ने सरकारी कर्मचारीहरूका लागि ल्होसार पर्व पर्ने दिन, एक दिन ।

(च) महाशिवरात्री फागुन २८ गते मंगलबारका दिन, एक दिन ।

(छ) फागुपूर्णिमा चैत्र १५ गते बिहिबारका दिन, एक र देहायका जिल्लाहरूमा चैत्र १६ गते शुक्रबारका दिन, एक दिन ।

जिल्लाको नाम

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ | ३. सुनसरी | ४. सप्तरी |
| ५. उदयपुर | ६. सिरहा | ७. धनुषा | ८. महोत्तरी |
| ९. सर्लाही | १०. रौतहट | ११. बारा | १२. पर्सा |
| १३. मकवानपुर | १४. चितवन | १५. नवलपरासी | १६. रुपन्देही |
| १७. कपिलवस्तु | १८. दाङ | १९. बाँके | २०. बर्दिया |
| २१. सुर्खेत | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) इस्लाम धर्मावलम्बी सरकारी कर्मचारीहरूलाई इद (इदुल्ल फित्र) र बकर इद (इदुल जोहा) का दिन, एक दिन ।

३. महिला कर्मचारीहरूको लागि मात्र:

(क) हरितालिका (तीज) भदौ ५ गते मंगलबारका दिन, एक दिन ।

(ख) ऋषि पञ्चमी भदौ ७ गते बिहिबारका दिन, एक दिन ।

(ग) नारी दिवस फागुन २४ गते (तदनुसार मार्च ८) शुक्रबारका दिन, एक दिन ।

४. उपत्यकालाई मात्र बिदा:

४.१ जात्रा बिदा:

इन्द्रजात्रा भदौ १६ गते शनिबारका दिन, एक दिन (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने) ।

४.२ वर्षभरिका आइतबार बिदा:

| | | | | | |
|---|---|---|---|---|---|
| क) वैशाख | २,९,१६,२३,३० | (५) | ख) जेठ | ७,१४,२१,२८ | (४) |
| ग) असार | ३,१०,१७,२४,३१ | (५) | घ) साउन | ७, १४, २१, २८ | (४) |
| ङ) भदौ | ३, १०, १७, २४, ३१ | (५) | च) असोज | ७, १४, २१, २८ | (४) |
| छ) कार्तिक | ५, १२, १९, २६ | (४) | ज) मङ्सीर | ३,१०,१७,२४ | (४) |
| झ) पुस | १, ८, १५, २२, २९ | (५) | ञ) माघ | ७, १४, २१, २८ | (४) |
| ट) फागुन | ५, १२, १९, २६ | (४) | ठ) चैत | ४, ११, १८, २५ | (४) |

जम्मा: ५२ दिन

५. दशैं बिदा:

कार्तिक ७ गते मंगलबार देखि कार्तिक १३ गते सोमबार सम्म दिन सात । (फूलपाती देखि द्वादशीसम्म)

६. तिहार बिदा:

(क) लक्ष्मीपूजा कार्तिक २९ गते बुधबारका दिन, एक दिन ।

(ख) गाइतिहार कार्तिक ३० गते बिहिबारका दिन, एक दिन ।

(ग) भाइटीका मङ्सीर १ गते शुक्रबारका दिन, एक दिन ।

७. दिवस बिदा:

(क) संविधान दिवस कार्तिक २३ गते बिहिबारका दिन, एक दिन ।

(ख) राष्ट्रिय एकता दिवस पुस २७ गते शुक्रबारका दिन, एक दिन ।

(ग) शहीद दिवस माघ १६ गते मंगलबारका दिन, एक दिन ।

(घ) राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते मंगलबारका दिन, एक दिन ।

८. श्री ५ महाराजाधिराज सरकार विदेशमा राजकीय भ्रमणमा सवारी होइबक्सँदा र फिर्ती सवारी होइबक्सँदा अधिराज्यभर बिदा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. शुभ जन्मोत्सवः

श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव पुस १४ गते शनिबारका दिन, एक दिन, (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने)

१०. शुभ-जयन्ती बिदाः

(क) बुद्ध जयन्ती वैशाख २४ गते सोमबारका दिन, एक दिन ।

(ख) श्री कृष्ण जन्माष्टमी साउन २७ गते शनिबारका दिन, एक दिन (शनिबार परेकोले बिदा भनिरहनु नपर्ने) ।

११. हाजिर हुने र छुट्ने समयः

उपत्यका बाहिर सरकारी कार्यालय समयको हकमा मङ्सिर, पुस र माघ तीन महिना (शुक्रबार बाहेक) बिहान १०:०० बजे हाजिर भै अपरान्ह ४:०० बजे छुट्ने र बाँकी नौ महिना बिहान १०:०० बजे हाजिर भै अपरान्ह ५:०० बजे छुट्नेछ। उपरोक्त बिदा नतोकिएको दिनको सालभरिको प्रत्येक शुक्रबारको हकमा बिहान १०:०० बजे हाजिर भै दिउँसो ३:०० बजे छुट्नेछ ।

काठमाडौं उपत्यका भित्रका सरकारी कार्यालयहरूको हकमा भने **मङ्सीर** पुस र माघ तीन महिना (सोमबारदेखि शुक्रबारसम्म) बिहान ९:०० बजे हाजिर भै अपरान्ह ४:०० बजे छुट्ने र बाँकी नौ महिना बिहान ९:०० बजे हाजिर भै अपरान्ह ५:०० बजे छुट्नेछ ।

१२. रोजाना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय तथा कार्यालयहरू जस्तै- अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, थाना, चौकी, फायर बिग्रेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण विभाग, आकाशवाणी र हुलाक समेतमा माथि लेखिएबमोजिम बिदा पाउनेमा काम काज रोक्न नहुने उपरोक्त कार्यालयहरूका निम्ति सरकारी काम काज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुऱ्याएर बिदा बस्न पाइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४४

<u>द्रष्टव्य:</u> आधा दिन भन्नाले **मङ्सीर** पुस र माघ तीन महिनाको निम्ति दिनको १:०० बजे र बाँकी नौ महिनाको लागि दिनको १:३० बजेसम्म सम्झनु पर्दछ । तर, काठमाडौं उपत्यका भित्रको लागि आधा दिन भन्नाले **मङ्सीर** पुस र माघ तीन महिनाको निम्ति दिनको १२:३० बजे र बाँकी नौ महिनाको लागि दिनको १:०० बजे सम्झनु पर्दछ ।

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।